हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६७ पृष्ठ : ४ २०७७ माघ ०५ गते सोमबार (Monday 18 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


### मधेस आन्दोलनको १४ वर्ष

## बलिदानी दिवस मनाउन प्रदेश २ मा आज सार्वजनिक बिदा

लहान । प्रदेश २ सरकारले सोमबार सार्वजनिक बिदा दिएको छ । 'बलिदानी दिवस'को अवसरमा प्रदेश सरकारले सार्वजनिक बिदा दिएको हो ।

तीन वर्षदेखि माघ ५ गतेलाई प्रदेश सरकारले बिदा दिँदै आएको छ । सिरहाको लहानमा ०६३ माघ ५ गते मधेस आन्दोलनको क्रममा विद्यार्थी रमेश महतो सहिद भएका थिए । पहिलो सहिद महतोको सम्झनामा बलिदानी दिवस मनाइँदै आएको छ ।

दिवसका दिन प्रदेश सरकारले कुनै औपचारिक कार्यक्रम भने आयोजना गरेको छैन ।




**जनमत पार्टीद्वारा लहानमा बलिदानी दिवस मनाउँदै**

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले सिरहाको लहानमा मधेस आन्दोलनका प्रथम सहिद रमेश महतोको सम्झनामा माघ ५ गते बलिदानी दिवस मनाउने भएको छ । मधेस आन्दोलनका क्रममा ०६३ माघ ५ गते लहानमा रमेश महतो सहिद भएका थिए ।

उनको सम्झनामा लहानमै १४ औं बलिदानी दिवस मनाउने तयारीमा जनमत पार्टीका नेता कार्यकर्ता जुटेका छन् ।

## मधेस आन्दोलनमाथिको प्रहार



**राजेश विद्रोही**

माघ ५ मधेसी जनताको गौरवपूर्ण बलिदानी दिवसको दिन हो । ०६३ को माघ ५ मा सिराहाको लहानमा विद्यार्थी रमेश महतो मारिएका थिए । आज मधेस आन्दोलनको ठीक १५ वर्ष पूरा हुँदै छ । महतोको हत्यापछि मधेस आन्दोलन डढेलोको आगोझैँ विस्तार र सशक्त बनेको थियो । अहिले मधेस आन्दोलन राजपामार्फत पहाड–मधेस जोड्ने वैकल्पिक राजनीतिक अभियानमा छ । मधेसी जनता पहाडी एवं आदिवासी जनजातिसँग मिलेर मुठीभरका नश्लवादी निरंकुश तानाशाहलाई सत्ताको घोडाबाट खसाल्न चाहन्छन् । ओलीको दम्भपूर्ण तथा डरलाग्दो पश्चगमनसँगै फेरि मधेस आन्दोलनको आवश्यकता महसुस गर्न थालिएको छ । किनकि, नेकपाको सत्ता छिनाझपटीबाट सिर्जित र ओली–भण्डारीकृत संविधानमाथिको कुबाट सबैभन्दा बढी गुमाउनेमा मधेसी जनता हुँदै छन् । त्यसैले मधेसी जनता हामीलाई हाम्रो आन्दोलन चाहियो भन्दै छन् । मधेस आन्दोलनले बोकेको सपना हामीलाई चाहियो भन्दै छन् ।

**मधेसी दलितको आँखाबाट मधेस आन्दोलन** : मधेस आन्दोलनमा १६ मधेसी दलितको सहादत भयो ।

———बाँकी २ पेजमा

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

### राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

## सबै खेलमा आर्मीको वर्चस्व



गोलबजार । गोलबजार नगरपालीका र राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा गोलबजार कवर्डहलमा सञ्चालित १० औं पुष्पलाल स्मृति राष्ट्रिय र्‍याङ्किङ ब्याडमिन्टन प्रतियोगिता आइतबार सम्पन्न भएको छ । नौं इभेन्टस्मा भएको खेलमा आर्मीको बर्चश्व रह्यो ।

पुरूष डबलमा त्रिभुवन आर्मी क्लबका नविन श्रेष्ठ र रत्नजित तामाङ प्रथम भएका छन् । उनीहरू आर्मीकै पविन र लिन्थेप र सरोज महर्जनलाई पराजीत गर्दै प्रथम भएका हुन् ।

महिला तर्फको डबलमा पनि आर्मीकै अनिता गिरी र रसिला महर्जन विजयी भएका छन् । उनीहरूले एपीएफका जेसिका गुरूङ्ग र सुनयना मुखियालाई हराउँदै प्रथम पुरूस्कार थाप्न सफल भएका हुन् ।

एकल ब्वाइज अण्डर १७ तर्फ पनि आर्मिले नै सफलता हात पारेको छ । आर्मीका भोज बहादुर

———बाँकी ३ पेजमा






फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## मधेस ...

उनीहरूको बलिदानी दोहोरो विभेदबाट मुक्तिका लागि थियो । पहिलो, मधेसभित्रकै शोषक, सामन्त, जमिनदार एवं कथित उच्च जातिको पुस्तौँदेखिको पशुवत् व्यवहार र विभेद र दोस्रो, केन्द्रीकृत निरंकुश सामन्ती राज्यव्यवस्थाबाट मुक्ति । तर पनि दलित समुदायले यो दोहोरो विभेद र उत्पीडनबाट मुक्ति पाउन सकेनन् । लोकतन्त्र नश्लीय शासक वर्गका निम्ति उपहार बन्न पुग्यो । मधेस आन्दोलनकै बलमा संघीयता, समानुपातिक तथा समावेशिता स्थापित भएको हो । तर पनि समाजको पिँधमा दबाएर पिल्साइएका दलित सीमान्त समुदायलाई यसले छुन सकेन । पुस्तौँदेखि पछाडि पारिएका समुदायलाई उल्लेखनीय सहभागिता गराउन र उनीहरूको वास्तविक आवाजलाई संविधानमा मुखरित गर्न उचित ठानिएन । तसर्थ, संविधानले दिएको अधिकारको प्रतिशतभन्दा उनीहरूको संसदीय प्रतिनिधित्व कम छ । संघ र प्रदेशमा दलितले एउटा मन्त्रालयसमेत पाएका छैनन् । कति दलित सहिदको नाममा स्मारक बने ? दलितको बलिदानीको ठूलो उपहास भएको छ ।

**मधेसीको आँखाबाट :** मधेस र मधेसी जनता लामो समयदेखि आˆनो मुक्तिका लागि एकल वा संयुक्त रूपमा लड्दै आएका छन् । ००७ साल, ०४६ साल, माओवादी जनयुद्ध या ०६२–६३ को मधेसी जनअधिकारको आन्दोलन र जनआन्दोलन सबै आन्दोलन र संघर्षमा मधेसी जनताको योगदान निर्णायक रह्यो । तर, अधिकार प्राप्त गर्ने समयमा मधेसी समुदायमाथि ठूलो धोका, जालझेल र गद्दारी हुँदै आएको छ । यी कुनै पनि आन्दोलनको उपलब्धि मधेसी जनतासम्म पुग्न दिइएको छैन । पहाडी अभिजातीय शासकले नै जहिले पनि फाइदा लुटिरहे । मधेसी नेतालाई पद, प्रतिष्ठा र पैसाको लालचमा भ्रष्ट पारियो । फलस्वरूप मधेसी मुक्ति र उत्पीडनको भावना बोकेका मधेसी नेतृत्व किनाराकृत हुन पुगे । मधेसभित्र पुँजीपति दलाल शासक वर्ग नै हावी हुन पुग्यो, जसको हृदयमा मधेसी मुक्तिको भावना होइन, शोषणको चरित्र मात्र थियो ।

०६२–६३ को जनआन्दोलन मधेसी जनताका लागि एक हदसम्म अन्तिम आन्दोलन थियो । जसमा १२६ जनाको बलिदानी भयो । तर, ओली सरकारको गठनसँगै मधेसको अधिकारमाथि अंकुश लाग्न थाल्यो । र, अहिले उनले चालेको कदमले मधेस आन्दोलन सखाप पार्ने देखिएको छ । मधेसी सहिदले मधेस मुक्ति र स्वतन्त्रताका लागि चढाएको बलिदानीको चरम उपहास भएको छ ।

जब मधेस आन्दोलनबाट मधेसको एकछत्र राजनीति हत्याएको तत्कालीन मधेसी फोरम दर्जनौं टुक्रामा विभक्त बन्यो, मधेस आन्दोलनका उपलब्धिहरु पनि पुराना राजनीतिक दलहरूको अपहरणमा पऱ्यो । तिनले मधेसी जनता र मुद्दालाई मधेसकै सडकमा पछारिदिए । फलतः अहिले मधेस आन्दोलनको बलमा प्राप्त संघीयता गुम्ने अवस्थामा छ । प्रधानमन्त्री ओली र राष्ट्रपति भण्डारीको असंवैधानिक एवं प्रतिगमनकारी कदमले हामीले हासिल गरेका सारा उपलब्धिलाई दाउमा लगाइदिएको छ । संसद् विघटन होस् या नहोस्, दुवै अवस्थामा अब तमाम उपलब्धिहरु गुम्ने खतरा उत्तिकै छ । नेकपाको घिनलाग्दो उठापटकले सबभन्दा बढी खती मधेसी आन्दोलनको उपलब्धिमाथि हुन सक्ने सम्भावना देखिँदै छ । केपी ओलीले उछालिरहेका पछिल्ला एजेन्डा यो देशका मधेसी, उत्पीडित, दलित सीमान्तकृत तथा आदिवासीका निम्ति बढी नै घातक छन् ।

नेका र प्रचण्ड–माधवको आन्दोलनले केही हुनेवाला छैन, अबको प्रतिगमन सच्याउन मधेस आन्दोलनको अपरिहार्यता छ । किनकि, निर्णायक शक्ति मधेस आन्दोलनबाहेक अरु आन्दोलनमा छैन ।

गुमेको संघीयता ल्याएको मधेस आन्दोलनले नै हो । बचाउने काम पनि मधेस आन्दोलन र मधेसी जनताले नै गर्नुपर्नेछ । खुसीको कुरा, मधेस आन्दोलन मरेको छैन, नयाँ बाटोमा छलाङ हानिरहेको छ । मधेसको विचारले सामूहिकता ग्रहण गरिसकेको छ । राष्ट्रियताको आकार लिइसकेको छ ।

हिजोको जस्तो संकुचित घेरामा छैन, मधेस आन्दोलन । प्रधानमन्त्रीको कुपछि फेरि एकपटक मधेस आन्दोलन अपरिहार्य बनेको छ । किनकि, ओलीको कुबाट सबैभन्दा बढी गुम्ने मधेस र मधेसीकै हो, निबिर्सिऔँ ।*साभार : नयाँ पत्रिका दैनिकबाट*

---

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,कल्याणपुर
### जिल्ला–सिरहा
### प्रदेश नं.–२, नेपाल

# सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति :२०७७।१०।०५)**

**कल्याणपुर नगर कार्यपालिकामा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार कोरोना भाईरस महामारी नियन्त्रण तथा उपचारका लागि ५ वेडको अस्थायी अस्पताल संचालन तथा शर्सत अनुदान कार्यक्रम अर्न्तगत वर्थिङ्ग सेन्टरको लागि १ जना अ.न.मि.र वहुक्षेत्रिय पोषण कार्यक्रमको लागि १ जना पोषण स्वमसेवक पदमा चालु आ.व.२०७७।०७८ का लागि सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले देहायका पदका लागि देहाय वमोजिमको योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट तोकिए बमोजिमको स्वीकृत फर्मेटमा रितपूर्वक सूचना प्रकाशित मितिले १५ दिन भित्र दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | १ ?२०७७-०७८ | मेडिकल अधिकृत | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस स्नातक वा सो सरह उतीर्ण | १०००।- |
| २. | २ ?२०७७-०७८ | स्टाप नर्स | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing वा सो सरह उतीर्ण । | ६००।- |
| ३. | ३ ?२०७७-०७८ | का.स. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ कक्षा देखी SLC वा सो सरह उतीर्ण । | ५००।- |
| ४. | ४ ?२०७७-०७८ | अ.न.मि. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि.वा सो सरह उर्तिण गरेको । (SBA तालिम प्राप्त तथा प्रसूती सेवा प्रदान गरिरहेका लाई प्राथमिकता दिईने ) | ६००।- |
| ५. | ५ ?२०७७-०७८ | बहुक्षेत्रिय पोषण कार्यकम स्वमसेवक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उर्तिण गरेको । | ६००।- |

**१. न्यूनतम शैक्षिक योग्यता, माथि उल्लेखित अनुसार हुनेछ । उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने । (स्वाथ्य तर्फ उमेरको हकमा स्वास्थ्य सेवा एन तथा नियमावली अनुसार हुनेछ )**

**२. दरखास्त दिने अन्तिम मितिः–२०७७।१०।१९ गते, अर्न्तवार्ताको मिति पछि जानकारी गराइने छ ।**

**३. दरखास्त दिने स्थानः– : कल्याणपुर नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सिरहा ।**

**४.आवश्यक कागजातहरु :**

- **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।**
- **एस.एल.सी.र सो देखि माथि विज्ञापन अनुसारको शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपी ।**
- **मेडिकल अधिकृत, स्टाप नर्स र अ.न.मि.को हकमा सम्बन्धित विषयसँगको परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।**
- **कार्य अनुभव भए सो सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी ।**
- **व्यक्तिगत विवरण (वायोडाटा) ।**
- **पासपोट साईजको ३ प्रति फोटो ।**

**५ .परिक्षाको किसिम : लिखित र अन्तर्वार्ता, अनुभवीलाई प्राथमिकता दिइनेछ । बहुक्षेत्रिय पोषण स्वयमसेवक र अ.न.मि.को हकमा छोटो सुचि तयार गरि अन्तर्वार्ता माध्यमवाट र का.स. पदको लागि अन्तर्वार्ता विधिबाट छनौट गरिने छ ।**

**६. सेवा शर्त र सुविधा :**

**(क) तलब– नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ र बहुक्षेत्रिय पोषण स्वमसेवकको हकमा कार्यालयको निर्णयवमोजिम हुनेछ ।**

**(ख) अन्य सेवा सुविधा र शर्तहरु नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।**

**७. पदावधि– २०७८ अषाढ मसान्तसम्म ।**

**८. आवेदन दस्तुर– कल्याणपुर नगरपालिकाको राजश्व उप–शाखामा वुझाई सक्कलै भौचर पेश गर्नु पर्नेछ ।**

**९. परीक्षा केन्द्र : कल्याणपुर नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सिरहा ।**

**१०. थप जानकारीको लागि–सम्पर्क नं.०३३–४०३०६३ र ९८४२८४६१५०**

......................

**प्रमुख प्रशासकिय अधिकृत**

---

# आजको राशिफल
हाम्रो पात्रोबाट साभार

**मेष** :- आज सहकर्मीबाट विरोध आउला । यात्रामा मालसामान हराउन सक्छ । चोटपटकको भय पनि छ, अतः सावधानी अपनाउनु नै उपयुक्त होला ।

**वृष** :- व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । साथीभाईसंग समय बित्नेछ ।

**मिथुन**:- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहनेछ । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ । छोटो दुरीको लाभदायक यात्रा रहला ।

**कर्कट** :- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । आर्थिक कारोवारमा सफलता पाइएला ।

**सिंह**:- आज मनमा दुविधाहरु उत्पन्न हुनेछ । स्वास्थ्यमा समस्या आउनसक्छ । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । सरकारी निकाएको भय रहनेछ ।

**कन्या** :- आज मनमा शान्ति र अनुहारमा कान्ति छाउने छ । समाजसेवामा मन लाग्नेछ । शत्रु पराजित हुनेछन् । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**तुला** :- नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**वृश्चिक** :-धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शिक्षामा सफलता मिल्नेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ ।

**धनु** :- कला, साहित्यमा रूचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । ठीक समयमा सही निर्णय लिन सकिने छ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**मकर**:- शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिने छ ।

**कुम्भ**:- विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**मिन** :- आज यात्राको सम्भावना छ । सामाजिक कामको दायित्त्व बढ्नेछ । भूमि र वाहनबाट लाभ मिल्ने योग छ । प्रेम र मित्रताको बन्धन पनि कसिन सक्छ ।

## सबै खेलमा ...

गुरूङले आर्मीकै आयुस्मान नगरीलाई पराजीत गरेका थिए ।

त्यसैगरी, गर्ल्स अण्डर १७ अन्तर्गत अर्मीकै रशिला महर्जन प्रथम भएका छन् । उनले विराटनगर ब्याडमिन्टन क्लबका रोज पाण्डेलाई पराजित गरेका थिए । एकल पुरूषतर्फ कैलाली देवराज रानाले आर्मीका दिवस संकरलाई पराजीत गर्दै प्रथम भएका हुन् ।

४५ वर्ष माथिका डबल पुरूषतर्फ अनिल कुमार लाखे बाँके र सुरेश श्रेष्ठले पोखराका शोभाकर भण्डारी र नविन पराजुलीलाई पछि पार्दै प्रथम पुरस्कार हात पारेका छन् । लेवल १२ का लागि एकल महिला तर्फ अर्मीका जेनिशा गुरूङ्गले एपीएफका रशिला महर्जनलाई पछि पार्दै पुरस्कार हात पारेका छन् । एकल महिला तर्फ फाइनलमा भिडेका कैलालीका प्राथना देउवाले झापाका अन्जना राइलाई हराएका थिए । त्यसैगरी, पुरूष सिङ्गल टप १६ का लागि फाइनलमा भिडेका सिल्क ग्रुपका प्रिन्स दाहालले एपीएफका दिपेश धामीलाई सोझो सेटमा हराएका थिए । प्रतियोगितामा ९ वटा इभेन्टस्को लागि प्रति इभेन्ट्स प्रथम २० हजार, दोस्रो हुनेलाई १५ हजार र तेस्रोत हुने २ जनालाई १० हजारका दरले जम्मा ५ लाख ९३ हजार पुरस्कार रासी रहेको आयोजकले जनाएको छ ।

गोलबजार नगरपालिकाका मेयर देवनाथ साहको प्रमुख आतिथ्यमा खेल सम्पन्न भएको थियो । मेयर साहले खेलाडीहरूलाई शुभकामना दिँदै खेलले राष्ट्रलाई अन्तराष्ट्रिय जगतमा चिनाउन सक्ने बताए । त्यसका लागि अनुशासित र लगनशील भएर खेल्न खेलाडीहरूलाई हौशला प्रदान गरे ।विशिष्ठ अतिथीहरू शुभास श्रेष्ठ राखेपका केन्द्रिय सदस्य, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष तथा नेपाल ओलम्पीक कमिटीका सचिव सहितका पदाधीकारीहरूले सफल खेलाडीहरूलाई शुभकामना व्यक्त गरे ।प्रतियोगितामा देशभरका तीन सय २५ जना प्रतियोगिहरू सहभागी थिए ।

## धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा, प्रदेश नं.२, नेपाल

पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७।१०।०५)**

**(राजश्व उप-शाखा)**

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आव २०७७/०७८ देखि २०७९/०८० सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु.१०००।- को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको दरभाउ पत्र आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौं दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.१४२०००००४१९०१ एन.सि.सि.बैंक धनगढी सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
३. दर्ता भएका दरभाउ पत्रहरु सि.न. २ मा उल्लेखित भएको दिनको २ बजे सम्वन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर प्रतिनिधि उपस्थिति नभए पनि खोल्न वाधा पर्ने छैन।
४. दरभाउ पत्र खरिद गर्ने,दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको भोलि पलट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।
५. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।
६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
७. प्रत्येक पोखरीको छुटाछुटै दरभाउ पत्र दाखिला गर्नु पर्नेछ ।
८. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले ३ किस्तामा रकम बुझाउन सकिनेछ । किस्ता रकम बुझाउदा प्रथम किस्ता चलनपूर्जी लिनु अगावै र बाकी दोस्रो र तेस्रो किस्ता क्रमश आव २०७८/७९ र २०७९/८० को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ । उक्त समय भित्र नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा/ धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेक्का वन्दोवस्त गर्ने छ ।
९. सि.न. ८ वमोजिम प्रथम किस्ता वापतको रकम बुझाएको सोहि दिन वा सोको भोलिपल्ट चलनपूर्जी दिइनेछ ।
१०. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।
११. पोखरीको संरचना आफूखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।
१२. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१३. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

**पोखरीहरुको विवरण**

ठेक्का नं. २१ आ.व. २०७७।०७८

| क.सं | पोखरीको नाम | ठेगाना | ठेक्का रकम |
|---|---|---|---|
| १ | कूजविर पोखरी | धनगढीमाई न.पा. १ | ३,००,००० |
| २ | बासघारी नजिकको डवरा पोखरी | धनगढीमाई न.पा. २ | ३०,००० |
| ३ | कट्टीटोल बाध | धनगढीमाई न.पा. २ | ४०,००० |
| ४ | गढीया पोखरी | धनगढीमाई न.पा. २ | १५,००० |
| ५ | विक्कन बाँध पोखरी | धनगढीमाई न.पा. ४ | ३०,००० |
| ६ | गााउ ब्लकको पोखरी संतनगर | धनगढीमाई न.पा. ४ | ३०,००० |
| ७ | जयपुर पोखरी | धनगढीमाई न.पा. ४ | ५०,००० |
| ८ | मूसहरी पोखरी | धनगढीमाई न.पा. ६ | १,५०,००० |
| ९ | गन्जेबाँध चियावारी | धनगढीमाई न.पा. ८ | १,००,००० |
| १० | जोगियावाला टोलको पोखरी | धनगढीमाई न.पा. ८ | ३०,००० |
| ११ | चैनपूर पोखरी | धनगढीमाई न.पा. ९ | ५०,००० |
| १२ | मेदनीपूर पोखरी | धनगढीमाई न.पा. १ | १,००,००० |
| १३ | सिमरा पोखरी | धनगढीमाई न.पा. ६ | १,२५,००० |
| १४ | देवी टोकी पोखरी | धनगढीमाई न.पा. ८ | ६५,००० |
| १५ | बमभोला | धनगढीमाई न.पा. १ | ४५,००० |
| १६ | गौडगरा पोखरी कचीबारी | धनगढीमाई न.पा. १ | ४५,००० |
| १७ | धनगढा पोखरी | धनगढीमाई न.पा. २ | ८,२५,००० |

प्रमुख प्रशासकीय अधिकृत

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# सम्झनामा : माघ ५ अर्थात बलिदानी दिवस



**राजेश कुमार महतो**

आज माघ ५ गते अर्थात बलिदानी दिवस । विसं २०६३ माघ ५ गतेको दिन कलिला यूवक रमेश महतोले शहादत प्राप्त गरेको दिन । त्यही भएर हामीले हरेक वर्ष यो दिनमा सहिदलाई सम्झना गर्छौं । घटना भएको बेला म ८ बर्षको थिए । मैले हेरेको र बुझेको कुरा यहाँ लेखेको छु ।

१० बर्षे जनयूद्ध तथा ५ राजनीति दलहरूसँग मिलेर गरेको ठूलो ऐतिहासिक ०६२/०६३ सालको जनआन्दोलनबाट जनताहरू लाभान्वित भए पश्चात तत्कालीन नेकपा माओवादीले संघीयता छाड्दै थियो । त्यही कुरालाई टेकेर नयाँ रणनीतिकबाट अंगीकार गरेको लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्थाप्रति असन्तुष्टि जनाउदैं तत्कालीन मधेसी जनअधिकार फोरमको नेतृत्वमा प्रथम आन्दोलनको सुरूवात भएको थियो । त्यही आन्दोलनको ठूलो जड भने सिरहा जिल्ला लहान नगरपालिकाबाट सुरुवात भएको देखिन्छ । सोही सिलसिलामा वीर रमेश महतोले सहादत प्राप्त भएको थियो । मधेस केन्द्रित दलले ऐतिहासिक मधेस आन्दोलनको पहिलो सहिद रमेश महतोलाई मान्दै आइरहेको छ ।

**यसरी भएको थियो महतोको शहादत**

तत्कालीन माओवादी आन्दोलन र जनआन्दोलनले संघीय एजेण्डालाई माओवादीले छाड्को भन्दै माओवादी पृष्ठभूमि बोकेका पुर्व उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री मधेसी जनअधिकार फोरम नेपालका तत्कालीन अध्यक्ष उपेन्द्र यादवको अगुवाईमा २०६३ सालमा प्रथम मधेस आन्दोलन भएको थियो । आन्दोलन चर्कँदै जाँदा लहान नगरपालिका भित्र ठूलो संख्यामा मानव सागरसहित विद्यार्थीहरूसँगै रमेश महतो पनि त्यस भिडमा भाग लिन पुगेका थिए । बिस्तारै बिस्तारै त्यसैबीच, लहान हुदैं पश्चिम तर्फ गईरहेको तत्कालीन माओवादीका नेता राम कार्की मधेस बन्दको क्रममा अवज्ञा गरी गाडी गुडाएको भन्दै मधेसी आन्दोलनकारीहरूको समूहले गाडी चल्न नदिएपछि विवाद सृजना भएको थियो । आक्रोशित आन्दोलनकारीहरूका समूहमा रमेश महतो अग्रभागमा पुगे, जहाँ माओवादी नेता तथा आन्दोलनकारीहरू बीच विवाद हुँदै थियो ।

अचानक भीडलाई तितरबितर पारेर बाटो खुलाउन प्रहरीले गोली फायर गरे । त्यो भीडबाट चलेको गोली रमेश महतोको छातीमा लाग्यो । गोली माओवादी कार्यकर्ताले चलाएको थियो । उनको तत्कालै घटनास्थलमै मृत्यु हुन पुग्यो । वीर सहिद रमेश महतोको मृत्युपछि अवस्था तनावग्रस्त बन्न पुग्यो । मधेसी आन्दोलनकारीले महतोको शव घटनास्थलबाट उठाउन दिएनन् । बेलुकीपख मातृका प्रसाद यादवले शवलाई उठाएर परिवारजनलाई हस्तान्तरण गर्न खोजेको थियो । आन्दोलनकारीहरू झन उग्र भए । तोडफोड व्यापक भयो । पछि मधेसी आन्दोलनकारी, मातृकाप्रसाद यादव र मृतकका परिवारजनबीचको सहमतिमा उनको शव परिवारजनले बुझेका थिए । हिन्दु धर्म अनुसार महतोको शवको दाह संस्कार गरिएको थियो । यो घटना घटेपछि तराई क्षेत्रमा सबै जिल्लामा आन्दोलन सुरू भयो । यो आन्दोलन पछि मधेसी जनताहरूमा थप हौसला बढ्यो । यसको मौकाको फाईदा उठाएर मधेसी नेताहरू केन्द्रसम पुग्यो र सरकारमा हिस्सेदारी समेत भए । तर अहिले पनि सहिद परिवारको अवस्था जस्तोको त्यस्तै छ । मधेसले अधिकार प्राप्त गर्न सकेको छैन् । वीर सहीद रमेश महतोले बलिदान दिएको १४ वर्ष बित्दा पनि तराई क्षेत्रको राजनीति अहिले प्रोपोगन्डा जस्तो हेर्दै छौं, हामीले ।

मधेसको नुन रोटी खाएर, मधेसी नेताहरूले पिठ्युदेखि मधेसी जनतालाई छुरा हान्ने काम बाहेक केही गरेको छैन्, अहिलेसम्म । देश संघीयतामा गएपछि तीन तहको सरकार आएको छ । स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकार अझै मधेसमा बस्ने मान्छेहरूले सानोतिनो काम बाहेक सरकारबाट सोचे जस्तो सेवा सुविधा पाएका छैनन् । सरकारका मन्त्री नेताहरूले खाली जनतालाई झुठो आश्वासन दिँदै आइरहेको छ । माघ ५ गते लहानको ऐतिहासिक दिने भएपनि हामीले यसलाई कहिले पनि बिर्सिन सक्दैनौ । हरेक वर्ष माघ ५ गते आउनुभन्दा दुई, तीन दिन अगाडि देखिनै मधेसी नेताको कार्यकर्ताहरू जय मधेस जय वीर सहिद भनेर गाउँमा नारा लगाउँछन । आखिर यो कहिले सम्म हो । दिनप्रतिदिन नेताहरू आ´नो नयाँ नयाँ पार्टी खोल्छन् । र वीर सहिदहरुको नामले चुनावमा आउँछन् र भोट माग्न जानताको घैंमा गएर चुनाव प्रचार गर्छन । हाम्रो नेताहरूमा यस्तो निकृष्ट संस्कार हुर्किएको छ । चुनाव जितेपछि वीर सहिदको अपमान गर्ने बाहेक केहि गरेको देखिन्दैन ।

सहिदको बलिदानी साँचो रूपमा पूरा गर्न सकेको छैन् । नेताहरूले आ-आफ्नो स्वार्थ पूरा गर्न सहिदहरूको बलिदानीलाई सत्तामा पुग्ने भऱ्याङ मात्र बनाएका छन् । अब मधेसका नाममा राजनीति गर्ने नेताहरूले नागरिक समाजले सहिदको सपना साकार गर्न जनदबाब सृजना गर्नुपर्ने आवश्यकता देखिएको छ ।


**प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश नं. २**
**प्रदेश वन निर्देशनालय**

## डिभिजन वन कार्यालय

**सिरहा, लहान**

## शहरी वन विकास तथा व्यवस्थापन कार्य गर्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/१०/०५)**

**प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम वमोजिम शहरी वन विकास तथा व्यवस्थापन अन्तरगत यस जिल्लाको शहर भित्रका बाटो छेउछाउ विभिन्न प्रजातिको बहुमुल्य बोट बिरुवा रोपण, हरित पार्क निर्माण तथा सौन्दर्यीकरण लगायत कार्य गर्न यो कार्यक्रम तय गरिएको हुँदा सिरहा जिल्लाका इच्छुक संघ संस्था वा उपभोक्ता समिति मार्फत प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको आवश्यक कागजात सहित निवेदन प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि डिभिजन वन कार्यालय सिरहा लहानमा सम्पर्क गर्नुहोला ।**

**डिभिजनल वन अधिकृत**
**डिभिजन वन कार्यालय, सिरहा लहान**

१) आवेदन दस्तुर रु. ३००।- लाग्नेछ ।
२) तोकिए अनुसारको निर्दिष्ट निवेदन फारम र कार्ययोजना ।
३) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
४) समूह संस्थाको भए निर्णय प्रतिलिपी ।
५) सम्बन्धित सवडिभिजन वन कार्यालयको सिफारिस पत्र ।
६) संस्था दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नं. तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
७) यस कार्यमा संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण र सम्बन्धित विषयमा तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
८) प्राविधिक लागत इष्टिमेट अनिवार्य पेश गर्नु पर्नेछ ।
९) जग्गाको नाप नक्शाको संलग्न हुनु पर्ने ।
१०) थप जानकारीको लागि डिभिजन वन कार्यालयको योजना शाखामा सम्पर्क गर्नु हुन ।



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)